*TITLE*: आयकर विवरण डे-०१ (SELF ASSESSMENT RETURN D-01)

**PURPOSE (प्रयोजन):**

साना करदाताहरु (वार्षिक बीस लाखसम्मको कारोवार र दुई लाखसम्म आय भएका) ले भर्न पाउने स्वयं कर निर्धारण फाराम (D-01) मा प्रविष्टी गर्ने।

**SCOPE (कार्यक्षेत्र):**

(D-01) फारम साना करदाताहरुको आयको स्वयं घोषणा हो । यस अनुसारको कारोवारको प्रमाणीकरण (verification) र कर दाखिला गर्ने दायित्व करदाताको हुनेछ ।

**RESPONSIBILITIES (जिम्मेवारी):**

वार्षिक बीस लाख भन्दा कम कारोबार हुने करदाताहरुको आय, खर्च, र कर रकमको विवरण उपलब्ध गराउने जिम्मेवारी स्वयम् **करदाता**को हुनेछ | करदाताले आन्तरिक राजस्व कार्यालय / करदाता सेवा कार्यालयबाट आफ्नो युजरनेम (Username) र पासवर्ड (Password) प्राप्त गरिसकेको अवस्थामा निज आफैंले करचुक्ता प्रमाणपत्र प्राप्त गर्न सक्नेछन्।

**DEFINITIONS (परिभाषा):**

**स्वयं कर निर्धारण फाराम (डे-०१)** : आन्तरिक राजस्व विभागबाट साना करदाताले कर विवरण दाखिला गर्नको निमित्त निर्धारण गरेको फारम हो।

**PROCEDURE (प्रक्रिया):**

१.० स्वयं कर निर्धारण फाराम (डे-०१) भर्ने प्रक्रिया

स्वयं कर निर्धारण फाराम (डे-०१) करदाताहरु स्वयम्ले भर्नु पर्ने हुन्छ

१.१ आयकर विवरण (डे-०१) भर्नको लागि आन्तरिक राजस्व विभागको वेबसाइट https://ird.gov.np खोल्नु पर्छ र करदाता पोर्टल (**Taxpayer Portal)** मा क्लिक (Click) गर्नु पर्छ ।

१.२ करदाता पोर्टल (**Taxpayer Portal)** खुले पछि Integrated Tax System को मेनु (Menu) देखिन्छ। मेनु नदेखिएमा Integrated Tax System को अगाडि रहेको '+' चिन्हमा क्लिक गरेर मेनु खोल्न सकिन्छ ।

१.३ त्यसपछि **Income Tax Menu** सँगै रहेको '+' चिन्हमा क्लिक गरेर **Income Tax Menu** खोल्नु पर्दछ।

१.४ त्यसपछि **D-01 Return Entry** मा क्लिक गरेपछि तलको फाराम देखा पर्दछ ।




१.५ प्रत्येक **D-01 Return Entry** को लागि सब्मिसन (Submission) नम्बर लिनु जरुरी हुन्छ। प्रत्येक सब्मिसन (Submission) नम्बरले विवरण पहिचान गर्ने काम गर्दछ। माथि देखिएको फाराममा तलको विवरणहरु भर्नु पर्दछ:

a. स्थायी लेखा नम्बर भरेपछि व्यवसायको नाम र ठेगाना, प्रणालीबाट स्वचालित रुपमा देखिन्छ।

b. त्यसपछि आफ्नो हालको मोबाइल नम्बर उल्लेख गर्नु पर्दछ जसमा विवरण रुजु भएपछि कर दाखिला भएको सुचना प्राप्त हुनेछ ।

c. त्यसपछि आफ्नो ईमेल ठेगाना उल्लेख गर्नु पर्दछ जसमा करचुक्ता प्रमाणपत्र वा अन्य सुचना प्राप्त हुनेछ ।

d. अन्त्यमा तल देखिएको **'Register'** बटन क्लिक गर्नु पर्दछ।

**'Register'** बटन क्लिक गरेपछि तलको स्क्रिन देखा पर्दछ।




१.२ माथि देखिएको फाराममा देहायका विवरणहरु भर्नु पर्छः

a. आर्थिक वर्ष ।

b. कारोबार रकम ।

c. कट्टी हुने रकम

d. त्यसपछि Tab बटन थिच्नु पर्दछ।

e. **'Tab'** बटन (Button) थिचेपछि तलको स्क्रिन (Screen) देखिन्छ।

f. आफूले उल्लेख गरेको कारोबार रकम र कट्टी हुने रकम ठीक भएमा **Ok** बटन थिच्नु पर्दछ। अन्यथा **Cancel** बटन थिच्नु पर्दछ। **Cancel** गरी पुनः आर्थिक वर्ष, कारोबार रकम तथा कट्टी हुने रकम भर्न सकिन्छ।



'Ok' बटन (Button) थिचेपछि तलको स्क्रिन (Screen) देखिन्छ।



अर्को आय वर्षको आय विवरण पेश गर्न चाहेमा पुन: आय वर्ष छनोट गरी कारोबार रकम र कट्टी हुने रकम उल्लेख गर्नु पर्दछ ।



आय विवरण प्रविष्टि गर्ने कार्य सकिएपछि आफूले कर रकम बुझाउन चाहेको बैंक छान्नु पर्दछ।

आफुले घोषणा गरेको कारोबार रकम र कट्टी हुने रकम ठीक भए नभएको पुन चेकजाँच गरी ठीक भएमा **Submit** बटन थिच्नु पर्दछ। बेठीक भएमा **Delete** गरी पुन: विवरण भर्नु पर्दछ।

**'Submit'** बटन क्लिक गरेपछि तलको स्क्रिन देखा पर्दछ।




रकम भुक्तानी गर्ने विकल्पमध्ये हाललाई कनेक्ट आईपीएस (Connect IPS) बाट भुक्तानी गर्न सकिन्छ।

## 2.0 Verification of Presumptive Return (D-01) of Income Tax.

करदाताको कर भुक्तानी विवरण प्रणालीमा प्राप्त गरिसकेपछि निजहरुले पेश गरेको आय विवरण (Return) स्वत: रुजु (Verify) भएको मानिनेछ।

**Effectiveness Criteria:**

स्वयं कर निर्धारण फाराम (डे-०१) सफलतापूर्वक कम समयमा रुजु हुनु।

**References:**

ITS-G002 Module Verification

**Revision History:**

| Revision | Date (DD/MM/YY) | Description of Changes | Requested By |
|---|---|---|---|
| | | | |